# श्री चन्द्रागिरि नगरपालिका न्यायिक समिति

चन्द्रागिरि नगरपालिका न्यायिक समिति

संयोजक : श्री बसन्ती श्रेष्ठ

सदस्य : श्री सीता मण्डल सत्याल

सदस्य : श्री रत्नलाल श्रेष्ठ

**बाट भएको निर्णय :**

मुद्दा नं. : ०८१-०१-०१४

निर्णय नं. २६

दायरी मिति : २०८२/०२/२७

निर्णय मिति : २०८३/०२/२७

| | |
|---|---|
| चेतनाथ उपाध्यायको नाति हरि प्रसाद रुपाखेतीको छोरा काठमाडौं जिल्ला, किर्तिपुर नगरपालिका वडा नं. ४ बस्ने वर्ष ५६ को दिपक प्रसाद रुपाखेती (९८४१३७२३१४) ...............................................................................................१<br>टिकालाल थापाको बुहारी दलबहादुर थापाको श्रीमती काठमाडौं जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. ९ बस्ने वर्ष ४१ को उषा कुमारी थापा (९८६०५६०२४९) ....१ | फिरादी<br>वादी |

**विरुद्ध**

| | |
|---|---|
| नरसिंह महर्जनको नाति, महाविर महर्जनको छोरा, काठमाडौं जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. १४ नयाँ नैकाप बस्ने वर्ष ६० बसन्तलाल महर्जन ...............१<br>धन बहादुर महर्जनको छोरा, काठमाडौं जिल्ला, चन्द्रागिरि नगरपालिका वडा नं. ९, भुलपोखरी बस्ने वर्ष ५६ को धर्म महर्जन .......................................................१ | विपक्षी<br>प्रतिवादी |

**मुद्दा :- नापी नक्सा बमोजिमको सार्वजनिक बाटोको निकासमा गरेको अवरोध हटाई नापीनक्सा अनुसारको बाटो खुलाई पाउँ ।**

**वादीको साक्षी :**

क)

**प्रतिवादीको साक्षी :**

क)

**प्रमाण :**

क) जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपि ..............२

**प्रमाण :**

क) जग्गा रेखाङ्कन सर्जमिन मुचुल्काको प्रतिलिपी .......

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

ख) नागरिकता प्रमाणपत्रको प्रतिलिपि ................२

ग) नक्सा प्रिन्टको प्रतिलिपि ..............................१

घ) मालपोत असुली रसिदको प्रतिलिपी ..............२

ख) च.नं. ५८८ र १४२०२५२३७० पत्रको प्रतिलिपी ...

ग) प्रतिवेदनको प्रतिलिपी ...................................

घ) स्थलगत फोटो ..............................................

ङ) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ..........

च) च.नं. ५६९ पत्रको प्रतिलिपी ..........................

छ) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ..........

**प्रमाण :**

क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ..........

ख) नापी नक्साको प्रतिलिपी ...............................

ग) जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपि ..................

न्यायिक समितिबाट बुझेको :

**साक्षी :**

**प्रमाणहरू :**

क) मिति २०८१/०५/०४ मा भएको आदेशानुसार काठमाडौं जिल्ला साविक मच्छेगाउँ गा.वि.स. वडा नं. १/ग को कि.नं. २९१ र ४९७ जग्गाहरूको बिच नापी नक्सा अनुसार चल्तीमा रहेको सार्वजनिक बाटो नापजाँच अमिन प्रतिवेदनले फिल्डमा नापी नक्सा अनुसारको बाटोको क्षेत्रफल कायम नरहेको प्रतिवेदन ........................................................................ १

**वादीको दावीको संक्षिप्त व्यहोरा :**

१. हामीहरूको नाममा काठमाडौं जिल्ला, मच्छेगाउँ गा.वि.स. वडा नं. १/ग मा कि.नं. ३०५ र ३०६ को क्षेत्रफल क्रमश: ०-३-३-० र ०-४-०-२ जग्गाको मुखमा रहेको कि.नं. ४९७ र २९१ का जग्गाधनीहरूले मिति २०८२/०२/१७ गते शनिबार खेतमा काम गर्न जाँदा सार्वजनिक बाटो मिचि, च्यापी, अतिक्रमण गरी नापी नक्सामा उल्लेखित सार्वजनिक बाटो साँघुरो बनाई आवत जावत गर्न बाधा सिर्जना गरेको हुँदा मुलुकी देवानी संहिता, २०७४ को दफा २९९(ख), ३००(क) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) को देहाय (ठ) बमोजिम अतिक्रमण गरिएको सार्वजनिक बाटोको चौडाई कायम हुने गरी बाटो खुलाई हामी पिडीतलाई न्याय निसाफ गरी पाउँ भन्ने वादी दिपक प्रसाद रुपाखेती समेतको माग दावी रहेको छ ।

**प्रतिवादीको प्रतिदावीको संक्षिप्त व्यहोरा :**

२. (क) काठमाडौं जिल्ला साविक मच्छेगाउँ गा.वि.स. वडा नं. १/ग को कि.नं. २९१ को क्षेत्रफल ०-४-०-० जग्गा र कि.नं. ३०५, ३०६, २९१, ४९५, ४९६ र ४९७ जग्गाका साँधियारहरू समेतको उपस्थितिमा वडा कार्यालय रोहबर बसी नापी कार्यालय, कलंकीबाट मिति

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौँ
बागमती प्रदेश, नेपाल

२०७८/११/२३ मा रेखाङ्कन गरिएको चिन्हमा फरक नपर्ने गरी पर्खाल लगाएकोले मुलुकी देवानी संहिता, २०७४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार प्रयोग भईराखेको सार्वजनिक बाटोको अवरोध तथा वाधाव्यवधान गर्ने कुनै मनसाय नभएकोले झुठो व्यहोराबाट न्याय निसाफ गरी पाउँ भन्ने प्रतिवादी बसन्तलाल महर्जनको प्रतिउत्तर जिकिर रहेको छ।

(ख) काठमाडौं जिल्ला साबिक मच्छेगाउँ गा.वि.स. वडा नं. १/ग को कि.नं. ४९५, ४९६ र ४९७ हामीहरूको पुर्खौली जग्गामा ६ फिट नापी नक्सामा कायम हुने गरी नक्साङ्कन गराई कि.नं. ४९५, ४९६ र ४९७ तर्फबाट ३ फिट र कि.नं. ३०५, ३०६ र २९१ तर्फबाट ३ फिट छोडी जम्मा ६ फिटको बाटो फिल्डमा रहेको छ। नेपालको संविधानको धारा २५, मुलुकी देवानी संहिता, २०७४ को दफा २५५(क), २५६ र २७८ बमोजिम सँधियारलाई नोकसानी नपुऱ्याई साढे तीन फिट अग्लो पर्खाल लगाई आफ्नो घरजग्गालाई सुरक्षात्मक उपाय अपनाएकोमा कानून विपरितको कुनै कार्य नगरेको हुँदा मलाई दुःख हैरानी दिने मनसायले उजुरी गरेको हुँदा खारेज गरी न्याय दिलाई पाउँ भन्ने प्रतिवादी धर्म महर्जनको प्रतिउत्तर जिकिर रहेको छ।

**वादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

नापी नक्सामा कि.नं. २९३ र २८९ सार्वजनिक बाटो देखिन्छ।

**प्रतिवादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

प्रतिवादीले नापी कार्यालय, कलंकीबाट २०७८/११/२३ मा वडा प्रतिनिधीको रोहवरमा साँध सँधियारहरूको सहमतिमा सर्जमिन मुचुल्का भई कि.नं. २९३ र २८९ बाटोको जग्गा समेतका कित्ताहरू रेखाङ्कन भएको देखिन्छ।

**दुवै पक्षबाट उपस्थित भएका कानुन व्यवसायीको बहसको मुख्य बुँदा :**

कि.नं. २९३ र २८९ जग्गाहरू चलन चल्तीमा बाटो रहेको नापी नक्सामा ६ फिट कायम भएको सार्वजनिक बाटोलाई पर्खाल लगाई अतिक्रमण गरी बाटो हिड्डुलमा अवरोध सिर्जना गरिएको हुँदा फिल्डमा समेत ६ फिटको गोरेटो बाटो रहेकोले उक्त बाटोको अवरोध हटाई बाटो सुचारु गराई बाटो कायम गरी पाउँ भनी वादी तर्फबाट गर्नु भएको बहस सुनियो।

सार्वजनिक बाटोको कि.नं. कि.नं. २९३ र २८९ मा ३/३ फिट जम्मा ६ फिटको चौडाई रहेको बाटो हामीहरूले अतिक्रिमण गरी पर्खाल लगायतको संरचना बनाएको छैन। उक्त बाटोको कि.नं. मिचिएको देखिएमा मिचिएको संरचनाको भाग जति हटाई नापी नक्सामा उल्लेखित क्षेत्रफल अनुसारको बाटो राखि पाउँ भनी प्रतिवादीको तर्फबाट गर्नु भएको बहस समेत सुनियो।

**दुवै पक्ष बिचमा फरक परेको विषय :**

नापी नक्सामा उल्लेखित कि.नं. २९३ र २८९ मा ६ फिटको सार्वजनिक बाटो हो, होईन ? उक्त विवादित कि.नं. को सार्वजनिक बाटोको अतिक्रमित संरचना हटाई नियमित सुचारु गराउने नगराउने विषयमा मुख नमिलेको देखिन आयो।

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश

## निर्णय खण्ड

नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा सार्वजनिक बाटोको कि.नं. २९३ र २८९ नापी नक्सामा ६ फिटको बाटोलाई अतिक्रमण गरी अवरोध सिर्जना गरेकोले उक्त गोरेटो बाटोको अवरोध हटाई बाटो सुचारु गराई पाउँ भनी वादी तर्फबाट र सार्वजनिक बाटोको कि.नं. २९३ र २८९ मा ३/३ फिट जम्मा ६ फिट चौडाईको बाटो हामीले अतिक्रमण गरी संरचना बनाएको छैन । उक्त बाटोको कि.नं. नापी नक्सामा उल्लेखित चौडाई अनुसारको बाटो गराई पाउँ भनी प्रतिवादी तर्फबाट प्रस्तुत गर्नु भएको बहस समेत सुनियो ।

प्रस्तुत विवादमा वादी तथा प्रतिवादी समेतले गर्नु भएको बहस जिकिर सुनी मिसिल संलग्न प्रमाण कागजातहरूको अध्ययन गरी प्रस्तुत मुद्दामा वादीको दावी नापी नक्सा बमोजिमको बाटो खोली दिनुपर्ने हो, होइन सो सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

निर्णय तर्फ विचार गर्दा काठमाडौं जिल्ला, मच्छेगाउँ गा.वि.स. वडा नं. १/ग को कि.नं. ४९७ र २९१ का जग्गाधनीहरूले सार्वजनिक बाटो अतिक्रमण गरी साँघुरो बनाई अवरोध सिर्जना गरेको हुँदा मुलुकी देवानी संहिता, २०७४ को दफा २९९(ख), ३००(क) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) को देहाय (ठ) बमोजिम बाटो खुलाई हामीलाई न्याय निसाफ गरी पाउँ भन्ने माग दावी रहेको छ । काठमाडौं जिल्ला साविक मच्छेगाउँ गा.वि.स. वडा नं. १/ग को कि.नं. कि.नं. ३०५, ३०६, २९१, ४९५, ४९६ र ४९७ जग्गाका सँधियारहरू उपस्थित भई वडा प्रतिनिधीको रोहबरमा नापी कार्यालय, कलंकीबाट मिति २०७८/११/२३ मा रेखाङ्कन गरिएको । मुलुकी देवानी संहिता, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार सार्वजनिक बाटोमा अवरोध नगरेकोले झुठो व्यहोराबाट न्याय निसाफ गरी पाउँ भन्ने प्रतिउत्तर जिकिर रहेको छ । काठमाडौं जिल्ला साविक मच्छेगाउँ गा.वि.स. वडा नं. १/ग को कि.नं. ४९५, ४९६ र ४९७, ३०५, ३०६ र २९१ हाम्रो पुर्ख्यौली जग्गाको बिचमा ३/३ फिट जग्गा छोडी जम्मा ६ फिटको बाटो नापी नक्सा नक्साङ्कन गराई फिल्डमा रहेको छ । मुलुकी देवानी संहिता, २०७४ को दफा २५५(क), २५६ र २७८ बमोजिम पर्खाल लगाएकोले कानून विपरीतको कार्य नगरेको हुँदा दुःख हैरानी दिने मनसायले गरेको उजुरी खारेज गरी पाउँ भन्ने प्रतिउत्तर जिकिर रहेको छ ।

सामान्यतया: सार्वजनिक आवागमनका लागि बाटो निर्माण गरिएको हुन्छ सो बाटोलाई सामान्यतया: सार्वजनिक उपभोगको स्थान नै मानिन्छ । कुनै जग्गा आफू वा आफ्ना परिवारका व्यक्ति वा निश्चित व्यक्तिहरूको संगठित समूहले मात्र प्रयोग गर्ने भनी सो अभिप्राय प्रस्ट हुने गरी लिखित रूपमा उद्घोष गरिएको अवस्थामा बाहेक अन्य अवस्थामा अर्थात् तेस्रो व्यक्तिले समेत प्रयोग गर्ने गरेको अवस्थामा सो बाटोको रूपमा प्रयोग हुने गरेको जग्गालाई सार्वजनिक सम्पत्ति नै मान्नुपर्ने हुन्छ । यसरी निजी तबरबाट वा निश्चित व्यक्ति वा व्यक्तिहरूको समूहले मात्र प्रयोग गर्न पाउने भनी किटानी रूपमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक कसैको नाममा दर्ता रहेको कुनै जग्गा बाटोको रूपमा प्रयोग गर्ने गरी नापी नक्सामा छुट्याएपछि त्यसलाई सार्वजनिक प्रयोजनका लागि समर्पण गरेको भनी मान्नुपर्दछ । प्रतिवादीले स्वेच्छाले बाटोको लागि छाडेको कि.नं. २९३ र २८९ को ६ फिट बाटोको रूपमा प्रयोगमा रहेको जग्गालाई सार्वजनिक सम्पत्तिको रूपमा कायम गरिनु नै तर्कसङ्गत र मनासिब देखिन्छ । विवादित स्थानमा सार्वजनिक बाटो रहेको र नापी नक्सामा उल्लेखित बाटो कम्तीमा छ फिट चौडाईले चर्चेको मानिस तथा पशुपन्छी सहज रुपले आवात जावत गर्न मिल्ने गरी नापी नक्सामा कायम भएअनुसारको सार्वजनिक क्षेत्रफल बाटोको भाग मान्नुपर्ने हुन्छ । लामो समयसम्म वादी लगायतले उपभोग गरी त्यसैको आधारमा उपभोग हुँदै आएको उक्त बाटो निकासलाई साँघुरो बनाउनु कानून विपरीत देखिन्छ ।

सार्वजनिक बाटो अतिक्रमण गरी पर्खाल लगायतको संरचना बनाई अवरोध गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) को देहाय (ठ) बमोजिम कानूनसम्मत देखिदैन विवादित बाटोको कि.नं. २९३ र २८९ मा नापी नक्सामा ६ फिटको बाटो जनाई सकेका अवस्थामा उक्त सार्वजनिक बाटोको कि.नं. अतिक्रमण गरी निर्माण गरीएको पर्खाल लगायतको संरचना हटाई नापी नक्सामा उल्लेखित क्षेत्रफल अनुसारको सार्वजनिक बाटो कायम हुने गरी बाटो खोल्ने निर्णय गरियो । अरुमा तपसिल बमोजिम गर्नु ।

## तपसिल खण्ड

(क) विपक्षीलाई यस निर्णयमा चित्त नबुझे स्थानीय सरकार सञ्चालन ऐन, २०७४, को दफा ५१ बमोजिम ३५ दिन भित्र प्रतिवादीलाई श्री काठमाडौं जिल्ला अदालतमा पुनरावेदन गर्न जानु भनी म्याद दिनु । ........................................................................................ १

(ख) विवादित कि.नं. २९३ र २८९ सार्वजनिक बाटोको क्षेत्रफल अमिनबाट नापजाँच गराई नापी नक्सामा उल्लेख भए बमोजिम ६ फिट चौडाईको बाटो छुट्याई बाटो अतिक्रमण गरी बनाएको पर्खाल लगायतको संरचना तुरुन्त हटाउनु । ..............................................२

(ग) सार्वजनिक सरोकारको विषय भएकोले कार्यपालिकालाई यस निर्णयको प्रतिलिपी सहित जानकारी गराउनु । ..........................................................................................३

(घ) प्रहरी वृत्त थानकोटलाई सार्वजनिक बाटो खुलाउन आवश्यक सुरक्षा प्रबन्ध गर्न लेखि पठाउनु । ..................................................................................................४

(ङ) निर्णयको नक्कल माग गर्ने सरोकारवालाबाट नियम बमोजिम लाग्ने नक्कल दस्तुर लिई नक्कल दिनु । ........................................................................................... ५

(च) यस निर्णयको विद्युतिय प्रति अपलोड गरी सोको निस्सा निर्णयको पिठमा जनाई प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियम अनुसार अभिलेख शाखामा बुझाईदिनु । ......६

| | | |
|---|---|---|
| 2082/02/26 | 2082/2/26 | 2082/2/26 |
| रत्नलाल श्रेष्ठ<br>सदस्य | सीता मण्डल सत्याल<br>सदस्य | बसन्ती श्रेष्ठ<br>संयोजक |

**निर्णय तयार गर्न सहयोग पुऱ्याउने**

चिरञ्जीवी खड्का

**न्यायिक सहजकर्ता**

निरञ्जन गोपाल बर्तौला शर्मा

इति सम्वत् मिति २०८३ साल जेठ महिना २७ गते रोज ०४ शुभम् ..............................